# यस्ता कुराले कतै अप्ठ्यारोमा पर्नु भएको छ कि?



उपभोक्ता सम्बन्धी समस्यामा परेमा, एक्लै चिन्तित भएर नबसी, सबैभन्दा पहिला Consumer Affairs Center (उपभोक्ता मामिला केन्द्र)मा परामर्श गर्नुहोला।

## दृष्टान्त 1

### सामान ढुवानी भएन!

इन्टरनेटबाट अनलाइन सपिङ मार्फत अर्डर गरेर, पैसा पठाइसक्दा समेत सामान ढुवानी भएन। पसलमा फोन गरेपनि लाग्दैन...।



## दृष्टान्त 2

### "टेष्ट गरी हेर्न" मात्र चाहेको थिएँ तर...

एक पटक "टेष्ट गरी हेर्न" मात्र भनेर, मूल्यमा छुट सहितको हेल्थ केयर फुड खरिद गरेको थिएँ, तर त्यही सामान आउँदो महिनामा समेत पठाइयो। अब कसरी रद्द गर्न सकिएला?



## दृष्टान्त 3

### स्मार्टफोनको करारमा...

स्मार्टफोनको करार गर्दा प्याकेज करार गरेमा शुल्क सस्तो पर्छ भनेर फकायो अनि अन्ततः अस्वीकार गर्न नसकेर करार गर्न पुगेँ।



## दृष्टान्त 4

### रियल स्टेट करार सम्बन्धी समस्या

भाडाको मान्स्योन छोड्ने बेलामा "रिफर्म खर्चमा परिपूर्ति गर्ने" भनेर, डिपोजिट रकम फिर्ता आएन। मैले त कतैपनि फोहर नपारिकन प्रयोग गरेको जस्तो लाग्छ तर...





यो पनि चेक गर्नु

**National Consumer Affairs Center of Japan होमपेज (अङ्ग्रेजी संस्करण)**

उपभोक्ता मामिला सम्बन्धी विभिन्न परामर्शका दृष्टान्तहरू पोस्ट गरिएका छन्।

https://www.kokusen.go.jp/ncac_index_e.html

# \ धक नमानिकन परामर्श लिनुहोस् /

नि:शुल्क परामर्श

Okayama Prefecture Consumer Affairs Center (ओकायामा प्रान्त उपभोक्ता मामिला केन्द्र)मा, प्रान्त भित्र बसोबास गर्ने व्यक्तिहरूबाट, वस्तु या सेवा सम्बन्धी गुनासो लिने र परामर्श दिनुका साथै समस्या समाधानका लागि सल्लाह दिने तथा मध्यस्थता गर्ने गरेका छौँ।

## उपभोक्ता हटलाइन

**TEL / (एरिया कोड हाल्नु नपर्ने) 188**

- तपाईंको बसोबास क्षेत्रको उपभोक्ता मामिला केन्द्र या उपभोक्ता मामिला परामर्श काउन्टरमा सम्पर्क हुनेछ।
- नेभिगेसन डायलिङको कल महसुल लाग्नेछ।

## Okayama Prefecture Consumer Affairs Center (Okayama-shi Kita-ku Minamigata 2-13-1)

**TEL / 086-226-0999**

**परामर्श समय / मङ्गल ~ आइत 9:00 ~ 16:30**

*सार्वजनिक बिदा, वर्षान्त तथा नयाँ वर्षको बिदामा बन्द रहने।

## Okayama Prefecture Consumer Affairs Center Tsuyama Office (Tsuyama-shi Sange 53)

**TEL / 0868-23-1247**

**परामर्श समय / सोम ~ शुक्र 9:00 ~ 12:00, 13:00 ~ 16:30**

*सार्वजनिक बिदा, वर्षान्त तथा नयाँ वर्षको बिदामा बन्द रहने।

*जापानी भाषा नजान्ने महानुभावले जापानी भाषा जान्ने व्यक्ति लिएर आउनुहोला। टेलिफोनबाट समेत परामर्श लिन सकिने छ।

## Okayama Prefecture Foreign Residents Consultation Center

**TEL / 0120-007-173** (सोमबार ~ शनिबार 9:00 ~ 17:00)

टेलिफोनमा दोभासे सेवा प्रयोग गरेर, करिब 20 देशको भाषामा परामर्श लिन सकिने छ।

https://www.opief.or.jp/consulting/#1

